"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

मितिः २०८०/०६/२२

## प्रेस विज्ञप्ति

आज मिति २०८०/०६/२२ गते विहान व्यास नगरपालिकाको नियमित वैठक नगरप्रमुख श्री वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो। उक्त वैठकमा उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्षहरु र कार्यपालिका सदस्यहरुको उपस्थितिमा निम्न लिखित मुख्य मुख्य निर्णयहरु भएको सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ।

१) वैठकमा यस आर्थिक वर्षमा भएका कार्यपालिका वैठकहरुको निर्णयहरुमा सम्पन्न हुन बाँकि रहेका कार्यहरु र मिति २०८०/०६/०७ गते भएका निर्णयहरुको समिक्षा गरियो।

२) नेपाल नगरपालिका संघको निर्णयानुसार गण्डकी प्रदेशमा व्यास नगरपालिका छनौट भई मिति २०८०/०६/२३ र २४ गते दिशा पिसाव जन्य सरसफाई सम्बन्धी हुन गइरहेको Shit Flow Diagram(SFD) को गणकहरुको छनौट र प्रशिक्षण कार्यमा सहयोग गर्ने निर्णय गरियो।

३) यस नगरपालिकाबाट २०८०/०६/०३ देखी थालनी गरिएको बुधबारे हाट बजारको समिक्षा गरि उक्त दिन विहान देखी साझ सम्म अनसन चौतारी नजिक दमौली सेन्टर पार्कको चौरमा व्यवस्थित गरि सञ्चालन गर्ने र उक्त दिन अन्य सडक, गल्ली, चोकमा बिक्रि वितरणमा प्रतिबन्ध गरि गाडी, ठेलागाडा समेतलाई निर्धारित चौरमै बिक्रि वितरण गर्ने व्यवस्थापन गर्ने निर्णय गरियो।

४) व्यास नगरपालिका वडा नं १० स्थित वैरेनी जग्गा विकास आयोजनाको दोस्रो चरणको पूर्वाधार निर्माणको काम आ.ब २०८१/८२ भित्र सम्पन्न गर्ने गरी टेण्डर गर्न जग्गा विकास आयोजनालाई निर्देशन दिने निर्णय गरियो।

५) यस नगरपालिका भित्र सञ्चालनमा रहेका ३ पाङ्ग्रे टेम्पू, ४ पाङ्ग्रे म्याजिकलाई नगरपालिकाको नियमानुसार २०८० कार्तिक मसान्त भित्र नविकरण वा नयाँ दर्ता गर्न समय दिने र उक्त समय भित्र नविकरण/दर्ता गरेमा सञ्चालन अनुमति प्रमाणपत्र उपलब्ध गराउने, र उक्त अवधि भित्र नविकरण/दर्ता नगरेमा नगरपालिका भित्र सञ्चालन गर्न रोक लगाउने निर्णय गरियो।

६) व्यास नगरपालिका भित्र हाल सम्म पनि डेङ्गुको असर नघटेको हुदाँ खोज र नष्ट गर अभियानलाई टोल विकास संस्था समेतको सहयोगमा निरन्तरता दिन वडा समितिलाई निर्देशन दिने र विश्व स्वास्थ्य


Phone No. 065-563162/563163, Fax No.: 977-65-563233 Email: vyasmunicipality@gmail.com Web:www.vyasmun.gov.np

Scanned with CamScanner

"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

गठन(WHO) को सिफारिसको डेङ्गु नियन्त्रण सम्बन्धी औषधि खरिद गरी डेङ्गु प्रभावित वडाहरुमा छर्न समेत स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरियो।

७) व्यास नगरपालिकाको नीति तथा कार्यक्रम र विनियोजित वजेट अनुसार दलित उत्थान कार्यक्रमलाई व्यवस्थित ढंङ्गले सञ्चालन गर्न नगर प्रमुखको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका कार्यपालिका सदस्यहरु, वडाका दलित सदस्यहरु सबै र राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका एक/एक जना नगरस्तरीय दलित प्रतिनिधि, नगरपालिकाका लेखा अधिकृत, शिक्षा तथा सामाजिक विकास शाखा प्रतिनिधि संलग्न दलित लक्षित कार्यक्रम सञ्चालन समिति गठन गर्ने निर्णय गरियो।

८) वडादशैं, शुभ दिपावली, छठ पर्व २०८० र नेपाल संम्बत ११४४ लगायतमा सम्पूर्ण नगरवासी दाजुभाई दिदीबहिनिहरुमा सुख, समृद्दि, सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

९) व्यास नगरपालिका वडा नं ५ मानुङकोटमा खानेपानी व्यवस्थापनका लागि संघीय वजेटबाट टेण्डर प्रकृया पुरा गरी निर्माण व्यवसायीलाई कामको इजाजत दिइएकोमा, दर्ता भएको मुलमा केहि जग्गाधनिहरुबाट असहमति जनाएकाले सम्बन्धित पक्षहरुसंग सहमतिका लागि छलफल चलिरहेकोमा उक्त छलफललाई निष्कर्षमा पुर्याई योजना सञ्चालन गर्ने वातावरण निर्माण गर्न सम्बन्धित वडा र योजना शाखालाई निर्देशन दिने निर्णय गरियो।

१०) व्यास नगरपालिका भित्र जोखिममा रहेका भुकम्प प्रभावितहरुका लागि पुर्नःलाभ सामुदायीक उत्थानसिल परियोजना दमौली, तनहुँको प्रगती प्रतिवेदन वैठकमा प्रस्तुत भई परियोजनाको समिक्षा गरीयो। सम्बन्धीत संस्थालाई सहयोगका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

११) संघीय सरकारको विनियोजित रकमबाट हाललाई प्रस्तावित वडाहरुमा प्रतिवडा रु. ३,००,००० भित्र खर्च हुनेगरी वडा नं ५,६,११,१२,१३,१४ मा रोजगार सृजना सम्बन्धि कार्यक्रममा सूचिकृत श्रमिकहरुलाई काममा लगाउने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

२२।०६।०८०

जीवन गुरुङ
प्रवक्ता एवं वडाध्यक्ष-०६



Scanned with CamScanner